## प्रस्तावना

पशुपालन व्यवसायलाई आधुनिक, व्यवसायिक तथा उत्पादनमुखी बनाउने, कृषकहरुको श्रम तथा उत्पादन लागत न्यूनीकरण गर्ने, हरियो घाँस व्यवस्थापनलाई सहज बनाउने तथा कृषकहरुको आयआर्जन वृद्धि गर्ने उद्देश्यले नगरसभाबाट स्वीकृत वार्षिक नीति तथा कार्यक्रम र बजेटको अधीनमा रही कृषकहरुलाई १००%, ७५%, ५०%, २५% वा लागत साझेदारीमा चाफकटर (घाँस काट्ने मेसिन) वितरण गर्न आवश्यक देखिएको हुँदा औरही नगरपालिका ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो "चाफकटर (घाँस काट्ने मेसिन) वितरण तथा अनुदान व्यवस्थापन कार्यविधि, २०८३" जारी गरेको छ ।

---

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम "चाफकटर (घाँस काट्ने मेसिन) वितरण तथा अनुदान व्यवस्थापन कार्यविधि, २०८३" रहनेछ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ

---

**२. परिभाषा**

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–**

(क) "नगरपालिका" भन्नाले औरही नगरपालिका सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले औरही नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "नगरसभा" भन्नाले औरही नगरसभालाई सम्झनु पर्दछ ।

(घ) "प्रमुख" भन्नाले नगर प्रमुख सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) "शाखा" भन्नाले कृषि विकास शाखा सम्झनु पर्दछ ।

(छ) "कृषक" भन्नाले कृषि तथा पशुपालन व्यवसाय सञ्चालन गरिरहेको व्यक्ति, समूह, सहकारी, कृषि फर्म वा कम्पनी सम्झनु पर्दछ ।

(ज) "चाफकटर" भन्नाले पशुचारा, घाँस, पराल तथा कृषि अवशेष काट्ने विद्युतीय, मोटरयुक्त वा म्यानुअल मेसिन सम्झनु पर्दछ ।

(झ) "अनुदान" भन्नाले नगरपालिकाबाट उपलब्ध गराइने आर्थिक वा सामग्री सहयोग सम्झनु पर्दछ ।

(ञ) "लागत साझेदारी" भन्नाले नगरपालिकासँग लाभग्राहीले निश्चित प्रतिशत लागत व्यहोर्ने प्रणाली सम्झनु पर्दछ ।

---

## परिच्छेद-२

## उद्देश्य

### ३. उद्देश्य

**यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः**

(क) पशुपालन व्यवसायलाई यान्त्रीकरण तथा व्यवसायीकरण गर्ने ।

(ख) कृषकहरुको उत्पादन लागत, श्रम तथा समय घटाउने ।

(ग) पशुचारा व्यवस्थापनलाई प्रभावकारी बनाउने ।

(घ) दुग्ध तथा पशुजन्य उत्पादन वृद्धि गर्ने ।

(ङ) व्यावसायिक पशुपालनतर्फ कृषकहरुलाई आकर्षित गर्ने ।

(च) महिला, युवा, दलित तथा विपन्न कृषकहरुको आयआर्जन वृद्धि गर्ने ।

---

## परिच्छेद-३

## बजेट तथा कार्यक्रम सञ्चालन

### ४. बजेट व्यवस्था

(१) कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट नगरसभाबाट स्वीकृत भए बमोजिम हुनेछ ।

(२) नगरपालिकाले स्वीकृत कार्यक्रम अनुसार देहाय बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछः

(क) १०० प्रतिशत अनुदान

(ख) ७५ प्रतिशत अनुदान

(ग) ५० प्रतिशत अनुदान

(घ) २५ प्रतिशत वा लागत साझेदारी कार्यक्रम

(३) अनुदान प्रतिशत, लक्ष्य संख्या तथा कार्यक्रमको प्रकृति वार्षिक स्वीकृत कार्यक्रम अनुसार हुनेछ ।

---

५. कार्यक्रम सञ्चालन

(१) कार्यक्रम कृषि विकास शाखामार्फत सञ्चालन गरिनेछ ।

(२) कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित आर्थिक ऐन नियमको पूर्ण पालना गरिनेछ ।

(३) आवश्यकतानुसार वडा कार्यालय, कृषक समूह, सहकारी संस्था वा प्राविधिक निकायसँग समन्वय गर्न सकिनेछ ।

---

## परिच्छेद-४

## लाभग्राही सम्बन्धी व्यवस्था

६. आवेदन दिन सक्ने

**देहायका कृषक वा संस्थाले आवेदन दिन सक्नेछन्–**

(क) औरही नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने कृषक ।

(ख) पशुपालन व्यवसाय सञ्चालन गरिरहेका कृषक ।

(ग) दर्ता भएका कृषक समूह, सहकारी, कृषि फर्म वा कम्पनी ।

(घ) कम्तीमा २ भन्दा माथि ठूला पशु पालिरहेका कृषक ।

(ङ) नगरपालिकाले आवश्यक ठानेका अन्य कृषक ।

---

७: प्राथमिकताका आधार

**देहायका कृषकलाई प्राथमिकता दिइनेछः**

(क) महिला कृषक

(ख) दलित, जनजाति, मुस्लिम, विपन्न तथा सीमान्तकृत समुदाय

(ग) युवा कृषक तथा वैदेशिक रोजगारीबाट फर्किएका युवा

(घ) व्यावसायिक पशुपालन गरिरहेका कृषक

(ङ) समूह वा सहकारीमा आबद्ध कृषक

(च) विगत २ वर्षमा सरकारी निकायबाट समान प्रकारको अनुदान नलिएका कृषक

(छ) बढी पशु संख्या भएका कृषक

---

## परिच्छेद-५

## आवेदन तथा छनौट प्रक्रिया

८. सूचना प्रकाशन

(१) नगरपालिकाले राष्ट्रिय वा स्थानीय सञ्चार माध्यम, सूचना पाटी तथा वेबसाइटमार्फत कम्तीमा ७ दिनको सूचना प्रकाशन गरी आवेदन माग गर्नेछ ।

(२) सूचनामा अनुदान प्रतिशत, आवश्यक कागजात, आवेदन दिने स्थान तथा समयावधि उल्लेख गरिनेछ ।

---

९. आवश्यक कागजात

**आवेदन साथ देहायका कागजात संलग्न गर्नुपर्नेछः**

(क) नेपाली नागरिकताको प्रतिलिपि

(ख) वडा कार्यालयको सिफारिस

(ग) पशु संख्या खुल्ने विवरण

(घ) समूह/सहकारी/फर्म दर्ता प्रमाणपत्र (लागू भएमा)

(ङ) पासपोर्ट साइज फोटो

(च) अन्य आवश्यक कागजात

---

१०. छनौट समिति

**लाभग्राही छनौटका लागि देहाय बमोजिम समिति रहनेछः**

(क) कृषि विकास शाखा प्रमुख - संयोजक

(ख) सम्बन्धित वडा अध्यक्ष - सदस्य

(ग) पशु सेवा प्राविधिक - सदस्य

(ङ) जिन्सी शाखा प्रमुख - सदस्य सचिव

---

११. छनौट प्रक्रिया

(१) प्राप्त आवेदनहरुको प्रारम्भिक परीक्षण गरिनेछ ।

(२) आवश्यकतानुसार स्थलगत निरीक्षण गरिनेछ ।

(३) समितिले अनुसूची– २ बमोजिम अंकभारका आधारमा लाभग्राही छनौट गर्नेछ ।

(४) छनौट सूची सार्वजनिक गरिनेछ ।

## परिच्छेद-६

## खरिद तथा वितरण सम्बन्धी व्यवस्था

### १२. चाफकटर खरिद

(१) चाफकटर खरिद गर्दा प्रचलित सार्वजनिक खरिद कानूनको पालना गर्नुपर्नेछ ।

(२) खरिद गरिने मेसिनको प्राविधिक स्पेसिफिकेशन कृषि शाखाले तयार गर्नेछ वा गराउने छ ।

(३) गुणस्तरीय तथा वारेन्टी भएको मेसिन मात्र खरिद गरिनेछ ।

---

### १३. वितरण प्रक्रिया

(१) १०० प्रतिशत अनुदान कार्यक्रम अन्तर्गत लाभग्राहीलाई निःशुल्क वितरण गरिनेछ ।

(२) ७५ प्रतिशत, ५० प्रतिशत, २५ प्रतिशत वा अनुदान कार्यक्रम अन्तर्गत लाभग्राहीले आफ्नो हिस्साको रकम नगरपालिकामा जम्मा गरेपछि मात्र सामग्री वितरण गरिनेछ ।

(३) वितरण कार्यक्रम पारदर्शी तथा सार्वजनिक रुपमा सञ्चालन गरिनेछ ।

---

### १४. सम्झौता

**लाभग्राहीसँग देहाय बमोजिम सम्झौता गरिनेछः**

(क) प्राप्त सामग्री कृषि तथा पशुपालन प्रयोजनमा मात्र प्रयोग गर्नुपर्ने ।

(ख) प्राप्त सामग्री बिक्री वा हस्तान्तरण गर्न नपाइने ।

(ग) अनुगमनमा सहयोग गर्नुपर्ने ।

(घ) दुरुपयोग वा गलत विवरण पेश गरेमा अनुदान फिर्ता गर्नुपर्ने ।

---

परिच्छेद-८

अनुगमन, मूल्यांकन तथा कारवाही

१५. अनुगमन

(१) कृषि शाखाले नियमित अनुगमन गर्नेछ ।

(२) कार्यालयले तोकेका प्रतिनिधिले अनुगमन गर्नेछ ।

---

१६. कारवाही

देहायको अवस्थामा नगरपालिका अनुदान फिर्ता लिन वा आवश्यक कारवाही गर्न सक्नेछः

(क) झुट्टा विवरण पेश गरेमा

(ख) सामग्री बिक्री वा दुरुपयोग गरेमा

(ग) सम्झौता विपरीत कार्य गरेमा

---

परिच्छेद-८

विविध

१७. अभिलेख व्यवस्थाप

कृषि शाखाले लाभग्राही, वितरण, अनुगमन तथा कार्यक्रम सम्बन्धी सम्पूर्ण अभिलेख सुरक्षित राखुपर्नेछ ।

---

१८. बाधा अड्काउ फुकाउने अधिकार

यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा नगर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

---

१९. संशोधन

यस कार्यविधिमा आवश्यक संशोधन गर्ने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ ।

---

## अनुसूची-१

### आवेदन फाराम

१. आवेदकको नामः

२. ठेगानाः

३. सम्पर्क नं.:

४. पशु संख्या विवरणः

५. व्यवसायको प्रकारः

६. माग गरिएको अनुदान प्रतिशतः

७. आवश्यक चाफकटर संख्याः

८. संलग्न कागजातः

आवेदकको हस्ताक्षरः __________

---

## अनुसूची-२

### लाभग्राही छनौट अंकभार

| विवरण | अंक |
|---|---|
| महिला कृषक | १५ |
| दलितसीमान्तकृत/विपन्न/ | १५ |
| व्यवसायिक पशुपालन | २५ |
| युवा कृषक | १० |
| समूहसहकारी आबद्ध/ | १० |
| विगतमा अनुदान नलिएको | १५ |
| पशु संख्या | १० |
| **जम्मा** | १०० |

---

## अनुसूची-३

## सम्झौता पत्र नमुना

आज मिति ________ मा औरही नगरपालिका र लाभग्राही श्री/श्रीमती __________ बीच देहाय बमोजिम सम्झौता सम्पन्न गरियोः

१. प्राप्त चाफकटर कृषि तथा पशुपालन प्रयोजनमा मात्र प्रयोग गरिनेछ ।

२. प्राप्त सामग्री २ वर्षसम्म बिक्री वा हस्तान्तरण गरिने छैन ।

३. नगरपालिकाको अनुगमनमा सहयोग गरिनेछ ।

४. सम्झौता उल्लंघन भएमा नगरपालिका प्रचलित कानून बमोजिम कारवाही गर्न सक्नेछ ।